Regd. No.: 150880/061/062

# Mountain Hydro Nepal Ltd.
# माउन्टेन हाईड्रो नेपाल लि.

प.सं.०८२/०८३
च.नं.१२३

मिति:२०८२।०९।०६

श्री नेपाल स्टक एक्सचेन्ज लि
सिंहदरवार प्लाजा काठमाण्डौ ।

**विषयः- वार्षिक साधारण सभा बारे जानकारी तथा Book Close सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा यस कम्पनीको मिति २०८२।०९।०६ मा बसेको संचालक समितिको बैठकको निर्णय अनुसार कम्पनीको दशौं वार्षिक साधारण सभा र शेयरधनी दर्ता किताब बन्द देहाय बमोजिम हुने व्यहोरा जानकारीको लागि अनुरोध छ ।

**१. शेयरधनी दर्ता किताब बन्द (Book Close) सम्बन्धी जानकारी:**

वार्षिक साधारण सभा प्रायोजनको लागि शेयरधनी दर्ता किताब मिति २०८२।०९।१८ गते एक दिन बन्द रहने छ ।

**२. वार्षिक साधारण सभा हुने मिति, समय र स्थान:**

मिति: २०८२ पौष २९
समय: बिहान ११: ०० बजे
स्थान: कालिमाटी व्याङक्वेट, कालिमाटी काठमाडौं (सिता पेट्रोल पम्प सगैं )

**संलग्न**

१) साधारण सभामा छलफल हुने विषय सहितको सुचना (मिति २०८२ पौष ०७ गतेको नेपाल समाचारपत्र राष्ट्रिय दैनिकमा प्रकाशित गरिने ) ।
२) संचालक समितिको निर्णय प्रतिलिपि ।

भवदिय

नेत्र प्रसाद भट्ट
**कम्पनी सचिव**

बोधार्थ:

१) श्री नेपाल धितोपत्र बोर्ड, जवालाखेल , ललितपुर ।
२) श्री विद्युत नियमन आयोग, सानोगौचरण काठमाडौं ।
३) श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर ।
४) श्री सि डि एस एण्ड क्लियरिङ्ग लि.पुतलीसडक ।
५) श्री मुक्तिनाथ क्यापिटल लि. नक्साल काठमाडौं ।

**CORPORATE OFFICE:**
Mountain House, Tahachal-13, Kathmandu, Nepal
Phone No.: +977-1-5903442
E-mail: mountainhydronepal@gmail.com
Web: www.mhnl.com.np

**PROJECT SITE OFFICE**
Lower Hewa Khola
Panchthar District

## संचालक समितीको बैठक

आज मिति २०८२/०९/०६ गतेका दिन यस माउन्टेन हाईड्रो नेपाल लि. को संचालक समितीको बैठक कम्पनीका अध्यक्ष श्री सीताराम तिमल्सिनाज्यूको अध्यक्षतामा का.जि.का.म.न.पा., वडा नं. १३, ताहाचल स्थित यस कम्पनीको कार्यालयमा दिनको २:०० बजे बसी निम्न प्रस्ताव उपर छलफल गरी निर्णय गरियो ।

उपस्थिति :

| | |
|---|---|
| श्री सीताराम तिमल्सिना | - अध्यक्ष |
| श्रीमती रीता तिमल्सिना | - प्रवन्ध संचालक |
| श्री प्रल्हाद तिमल्सिना | - संचालक |
| श्री रिषभ तिमिल्सिना | - संचालक |
| श्री रुद्र प्रसाद दुलाल | - संचालक |

**छलफलका विषयहरु :**

१) दसौं बार्षिक साधारण सभा बोलाउने सम्बन्धमा ।
२) दफा ७८ सम्बन्धित प्रतिबेदन पारित गर्ने सम्बन्धमा ।
३) लेखा परीक्षण प्रतिबेदन पारित गर्ने सम्बन्धमा ।
४) बिबिध सम्बन्धमा ।

**निर्णयहरु :**

**निर्णय नं.१** यस माउन्टेन हाईड्रो नेपाल लि. आ.ब. २०८१/८२ को लागि दसौं बार्षिक साधारण सभा यहि मिति २०८२ पौष २९ गते, दिनको ११:०० बजे, कालिमाटी ब्याङ्क्युट (कालिमाटी, काठमाडौं) मा गर्ने निर्णय गरियो ।

**निर्णय नं.२** यस माउन्टेन हाईड्रो नेपाल लि. को आ. ब. २०८१/८२ को लागि कम्पनी ऐन २०६३ को दफा ७८ बमोजिमको प्रतिबेदन पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं.३** यस माउन्टेन हाईड्रो नेपाल लि. को आ. ब. २०८१/८२ को लेखा परीक्षण प्रतिबेदन पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं.४** छलफलका लागि अन्य विषय नभएकोले बैठक समापन गरियो ।

# माउन्टेन हाइड्रो नेपाल लि.

काठमाण्डौ -१३, ताहाचल

फोन नं.०१-५९०३४४२, **E-mail : mountainhydronepal@gmail.com**

## दशौं वार्षिक साधारण सभा सम्वन्धि सूचना

**प्रथम पटक प्रकाशित मिति २०८२।०९।०७**

यस कम्पनीको मिति २०८२/०९/०६ मा बसेको संचालक समितिको निर्णय अनुसार कम्पनीको दशौं वार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा देहायका बिषयहरु माथि छलफल र निर्णय गर्न बस्ने भएको हुँदा सम्पुर्ण शेयरधनी महानुभावहरुको उपस्थितिको लागि कम्पनी ऐन, २०६३ को दफा ६७ (२) बमोजिम यो सूचना प्रकाशित गरिएको छ ।

### बाार्षिक साधारण सभा हुने मिति, स्थान र समय

मितिः- २०८२/०९/२९ गते मङ्गलबार ।

स्थानः- कालिमाटि ब्याङ्क्युट, काठमाडौं । (कालिमाटी सीता पेट्रोल पम्प सँगै)

समयः- ११:०० बजे ।

### छलफलका तथा निर्णयका लागि निर्धारित विषयहरु

**क) सामान्य प्रस्तावहरु :-**

१) अध्यक्षज्युबाट आ.व.२०८१।८२ को कम्पनीको बार्षिक प्रतिवेदन प्रस्तुत गर्ने र सो माथि छलफल तथा स्वीकृत गर्ने ।

२) लेखा परिक्षकको प्रतिवेदन सहीतको आ.व.२०८१।८२ को वार्षिक आर्थिक विवरण (वासलात, नाफा नोक्सान हिसाव तथा नगद प्रवाह लगायतका वित्तिय विवरणहरु) माथि छलफल र स्वीकृत गर्ने ।

३) कम्पनीको आ.व. २०८२।८३ को लागि लेखापरिक्षक नियुक्ति गर्ने तथा पारिश्रमिक तोक्ने ।

४) सञ्चालक नियुक्ती अनुमोदन गर्ने ।

**ख) विषेश प्रस्तावहरुः-**

१) कम्पनी ऐन २०६३ को दफा १०५ बमोजिम चुक्ता पुँजीको अतिरिक्त ऋण रकम अनुमोदन गर्ने सम्बन्धमा ।

२) कम्पनी ऐन २०६३ को दफा ६० बमोजिम कम्पनीको खुद सम्पत्ति चुक्ता पुँजीको आधा वा सो भन्दा कम हुन आएकोले आवश्यक रणनिति अनुमोदन गर्ने सम्बन्धमा ।

३) सबै संस्थापक शेयरहरुलाई सर्वसाधारण शेयरमा परिणत भएको कुरा अनुमोदन गर्ने सम्बन्धमा ।

**ग) विविध**

### बार्षिक साधारण सभा सम्बन्धि जानकारीहरु

१) दशौं वार्षिक साधारण सभा प्रयोजनका लागि मिति २०८२/०९/१८ गते (१) एक दिन कम्पनीको शेयरधनी दर्ता किताब बन्द गर्ने निर्णय गरिएको छ । मिति २०८२/०९/१७ गतेसम्म नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा कारोबार भई सि.डि.एस.एण्ड क्लियरिङ्ग लिमिटेडबाट राफसाफ समेत भई प्रचलित नियमानुसार यस कम्पनीको शेयर रजिष्ट्रार श्री मुक्तिनाथ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौंमा रहेका शेयरधनी दर्ता किताबमा अद्यावधिक भई कायम हुन आएका शेयरधनीहरु मात्र वार्षिक साधारण सभामा भाग लिन सक्नेछन् ।

Mountain Hydro Nepal Ltd. ★ Kathmandu ★ H.O.

२) वार्षिक सभामा भाग लिन आउनुहुने शेयरधनीहरु महानुभावहरुले आफ्नो हितग्राही खाता नं. (BOID) को विवरण सहित आफ्नो परिचय खुल्ने प्रमाण (जस्तै: नागरिकता प्रमाणपत्र वा अन्य कुनै परिचयपत्र ) साथमा लिई आउनु हुन अनुरोध छ ।

३) दशौं वार्षिक साधारण सभामा भाग लिन आफ्नो प्रतिनिधी (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले कम्पनी ऐनले तोकेको ढाँचामा वा वार्षिक प्रतिवेदन पुस्तिकामा रहेको प्रतिनिधी पत्र (प्रोक्सी) फारम अनुसार सभा शुरु हुनु भन्दा ४८ घण्टा अगावै प्रतिनिधि नियुक्त गरी कम्पनीको कार्यालयमा पेश गर्नु पर्नेछ । तर प्रतिनिधी नियुक्त गर्नु भएका शेयरधनी आफै उपस्थित भई हाजिरी गरेमा प्रतिनिधी पत्र स्वत: बदर हुनेछ ।

४) सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुले सभाको दिन सभा सुरु हुनु भन्दा अगावै सभा स्थलमा रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्न अनुरोध छ । हाजिरी पुस्तिका १०:३० देखि १२:०० बजे सम्म खुल्ला रहनेछ ।

५) एक भन्दा बढि व्यक्तिहरुको संयुक्त नाममा शेयर दर्ता रहेको अवस्थामा सर्बसम्मतबाट प्रतिनिधी चयन गरिएको १ जनाले मात्र वा लगत कितावमा पहिलो नाम उल्लेख भएको व्यक्तिले सभामा भाग लिन सक्नु हुनेछ । कुनै संगठित संस्था वा कम्पनीले शेयर खरिद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधीले शेयरवालाको हैसियतले सभामा भाग लिन सक्नुहुनेछ ।

६) कुनै शेयरधनी महानुभावहरुले छलफलका विषयहरुमध्ये विविध शिर्षक अन्तर्गत कम्पनी सम्वन्धि कुनै विषयमा छलफल गर्न गराउन चाहेमा सभा हुनु भन्दा ७ कार्य दिन अगावै कम्पनी सचिव मार्फत संचालक समितिको अध्यक्षलाई लिखित रुपमा प्रस्ताव दिनुपर्नेछ । तर त्यस्तो प्रस्ताव साधारण सभामा छलफल वा वहसको रुपमा समावेश गर्ने वा नगर्ने अधिकार संचालक समितिको अध्यक्षमा निहित हुनेछ ।

७) मिति २०८२।०९।२९ गतेका दिन विहान १०:३० बजे देखि सभा स्थलमा उपस्थिती खुल्ला हुनेछ । वार्षिक साधारण सभामा उपस्थित हुने शेयरधनी महानुभावहरुले आफ्नो परिचय खुल्ने प्रमाण देखाई सभा स्थलमा रहेको उपस्थिती पुस्तीकामा हस्ताक्षर गरि उपस्थिती जनाउनु पर्नेछ ।

८) कुनै शेयरधनीले एक भन्दा बढी प्रतिनिधि (प्रोक्सी) लाई मुकरर गरेमा यस कार्यालयमा पहिलो दर्ता भएको प्रतिनिधि(प्रोक्सी)लाई मान्यता दिइनेछ ।

९) कम्पनीको दशौं साधारण सभा सम्वन्धी थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र कम्पनीको रजिष्टर्ड कार्यालय वा शेयर रजिष्ट्रार मुक्तिनाथ क्यापिटल लि. नारायणचौर काठमाण्डौंमा सम्पर्क राख्न अनुरोध गर्दछौं । उल्लेखित विवरणहरु कम्पनीको आधिकारीक **Web Site: www.mhnl.com.np** बाट समेत प्राप्त गर्न सक्नु हुनेछ ।

संचालक समितिको आज्ञाले

**कम्पनी सचिव**

Mountain Hydro Nepal Ltd. ★ H.O. Kathmandu ★